# वार्डो

उभिएको छु
जीवन र जगत बीच
मृतु र पुर्नजिवन बीच
बार्डो मा ।

रुमलिएको छु
जीवन र कर्तब्य बीच ।

घामपानि मा रुझेर
गोधुलि मा
यो कर्तब्य र त्यो कर्तब्य बीच
यो माया र त्यो माया बीच
कता जानु पार्ने हो
भोलि तिर वा आज
अलमल बसेको छु ।

पर र देश बीच
गरेको भए र नगरेको भए  बीच
भएको भए र नभएको भए बीच
झकडिएर जड्बत बसेको छु ।

सँधै नै म बीचमा बसेको छु
सँधै नै म बार्डो मा बसेको छु ।

–कपिल अधिकारी
ताइपे,ताइवान
March 7,2003